नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेशी, धादिङ

बागमती प्रदेश, नेपाल

मितिः-२०७९/०२/११

पत्रसङ्ख्याः ०७८।०७९ च.नं.: 2583

विषयः योजना अनुगमन गरी सिफारिस गर्नुहुन।

श्री वडा अध्यक्ष (सबै),
नीलकण्ठ नगरपालिका, धादिङ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनहरूमा वडा अध्यक्ष तथा वडा समितिको काम,कर्तव्य तथा अधिकारहरूमा अन्यका अलावा वडास्तरमा सञ्चालन हुने नगरस्तरीय योजना/कार्यक्रमहरूको अनुगमन गर्ने तथा भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने समेत रहेको छ । वडा अध्यक्ष वडास्तरीय अनुगमन समितिको संयोजक रहने प्रावधान पनि छ । वडा अध्यक्षको सिफारिस योजना/कार्यक्रमहरूको अन्तिम भुक्तानीको प्रमुख आधार हो । त्यसैले, वडा स्तरमा सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन गरिदिनुहुन अनुरोध छ । साथै नगरस्तरीय अनुगमन समितिका संयोजक नगर उपप्रमुखको समितिबाट अनुगमन हुँदा समेत तहाँ वडाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूको प्रभावकारी रूपमा उपस्थिति एवम् संलग्नताको लागि यस कार्यालय सबैमा अनुरोध गर्दछ ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री उपप्रमुखज्यू, नीलकण्ठ नगरपालिका, धादिङ ।
श्री योजना शाखा, नीलकण्ठ नगरपालिका, धादिङ ।
श्री प्राविधिक शाखा, नीलकण्ठ नगरपालिका, धादिङ ।